बैठक संख्या : ६४(चौसठी)

आज मिति २०७८ माघ २८ गते बिदुर नगरपालिकाका प्रमुख श्री सञ्जु पण्डित ज्यूको अध्यक्षतामा बिदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो.।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सञ्जु पण्डित | प्रमुख | |
| २ | श्री गिता कुमारी दाहाल (अर्याल) | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री बीरेन्द्र कुमार शाही | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री टलक मान श्रेष्ठ | वडा अध्यक्ष | |
| ७ | श्री शिव कुमार चित्रकार | वडा अध्यक्ष | |
| ८ | श्री राजु सहौला | वडा अध्यक्ष | |
| ९ | श्री महेन्द्र तमाङ | वडा अध्यक्ष | |
| १० | श्री फइ सिं तमाङ | वडा अध्यक्ष | |
| ११ | श्री सनी चित्रकार | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री तोयानाथ तिम्सीना | वडा अध्यक्ष | |
| १४ | श्री सीताराम अर्याल | वडा अध्यक्ष | |
| १५ | श्री दल बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री मुरली मिजार | कार्यपालिका सदस्य | |
| १७ | श्री रामशरण मिजार | कार्यपालिका सदस्य | |
| १८ | श्री कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री राजकुमार कुमाल | कार्यपालिका सदस्य | |
| २० | श्री विन्दा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २१ | श्री मेनुका चौलागाई | कार्यपालिका सदस्य | |
| २२ | श्री रश्मी पाण्डे | कार्यपालिका सदस्य | |
| २३ | श्री रेखा लामा | कार्यपालिका सदस्य | |
| २४ | श्री मोहन प्रसाद मरासिनी | प्रमुख प्रशासकीय अधिकृत | |
| २५ | श्री देवी प्रसाद अधिकारी | शिक्षा शाखा प्रमुख उप सचिव | |

# ६४ औं कार्यपालिका बैठक (२०७८।१०।२८)

एजेण्डा:

१) स्थानीय तह संस्थागत क्षमता स्व मूल्यांकन (LISA) को नतिजा अनुमोदन सम्बन्धमा ।

२) प्रदेश समपूरक र विशेष अनुदानका योजना छनौट सम्बन्धमा ।

३) विविध ।

**समिक्षा : ६३ औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा :** नगर कार्यपालिकाको ६३ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

निर्णयहरु:

**निर्णय नं. १) स्थानीय तह संस्थागत क्षमता स्व मूल्यांकन (LISA) को नतिजा अनुमोदन सम्बन्धमा**

स्थानीय तह संस्थागत क्षमता स्व–मूल्यांकन अन्तर्गत आर्थिक बर्ष २०७७/०७८ मा विदुर नगरपालिकाबाट सम्पादन भएका कार्यहरुको मुल्याङ्कन गर्दा देहाय बमोजिम नम्बर प्राप्त भएको हुनाले उक्त प्राप्ताङ्कलाई कार्यपालिकाको बैठकबाट अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो । साथै मूल्यांकन सूचकमा कमजोर रहेको सूचकहरुको सुधारका कार्ययोजना सहित कार्य गर्न नगर कार्यपालिकाको कार्यालय र सम्बन्धीत सबै विषयगत शाखालाई निर्देशन दिने समेत निर्णय गरियो ।

| सि.नं | स्व–मूल्याङ्कनका विषयक्षेत्रहरु | कुल अंक | प्राप्त अंक | प्रतिशत |
|---|---|---|---|---|
| १। | शासकीय प्रवन्ध | ९ | ७ | ७७.७८% |
| २। | सगठन तथा प्रशासन | ८ | ४ | ५०.००% |
| ३। | आर्थिक बजेट तथा योजना व्यवस्थापन | ११ | ६.५ | ५९.०९% |
| ४। | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | ७ | ६३.६४% |
| ५। | सेवा प्रवाह | १६ | १०.५ | ६५.६३% |
| ६। | न्यायिक कार्यसम्पादन | ७ | ६.५ | ९२.८६% |
| ७। | भौतिक पुर्वाधार | १३ | ७ | ५३.८५% |
| ८। | सामाजिक समावेशीकरण | १० | ४ | ४०.००% |
| ९। | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ६.५ | ७२.२२% |
| १०। | सहकार्य र समन्वय | ६ | १.५ | २५.००% |
| | जम्मा | | ६०.५ | |

निर्णय प्रमाणित
०७९।१।२८

निर्णय नं. २) प्रदेश समपूरक र विशेष अनुदानका योजना छनौट सम्बन्धमा :

वागमती प्रदेश सरकारको अनुदान सहयोगमा आ.व. ०७९।०८० मा कार्यान्वयन हुने समपुरक र विशेष अनुदानका योजना छनौट गरी पठाउन अनुरोध गरे अनुसार निम्न बमोजिमको योजना प्राथमिकीकरणमा राखी माग गर्ने निर्णय गरियो ।

समपूरक अनुदान :

क)जफती भैरककोट सडक (क्रमागत)
ख)हात्तीगौडा पन्थगाउ भदुवार सडक (क्रमागत)
ग)गगटेबाट आपघारी चौतारा सडक (क्रमागत) .
घ)कागुने आमथाङ्ग सडक (क्रमागत)
ङ)वि.न.पा. वडा नं. १ को वडा कार्यालय भवन सहित बुद्ध पार्क निर्माण योजना,

विशेष अनुदान :

क) नुवाकोट खानेपानी योजना वडा नं. २
ख) भुपु टोल खानेपानी योजना वडा नं. ९
ग) वि.न.पा वडा नं. १० महभीर र केराबारीका वस्तीलाई पायक पर्ने स्थानमा शहरी स्वास्थ्य केन्द्र निर्माण योजना र वि.न.पा वडा नं. ६ चैनपुरमा शहरी स्वास्थ्य केन्द्र निर्माण योजना,

निर्णय नं. ३) विविध :

(१) साविक गाउँ विकास समितिबाट स्थायी नियुक्ति भएका कार्यालय सहयोगी उमानाथ अर्याल कर्मचारी समायोजनका कममा विदुर नगरपालिकामा समायोजन भएका र उमेर हदका कारण मिति २०७८।०४।०९ मा अवकाश भएको हुनाले निजको उपदान, औषधी उपचार, घर विदा, विरामी विदाकमो सहित जम्मा रु.८,६२,०००।- भुक्तानी दिनु पर्नेमा यस आ.व. ०७८।०७९ मा कर्मचारी कल्याण कोषमा रहेको मौज्दात रकमबाट रु.५ लाख उपलब्ध गराउने र बाँकी रकम आगामी आ.व. मा उपलब्ध गराउने ।

(२) नगरपालिकाबाट तयार भएको स्थानीय पाठ्यक्रम (कक्षा १ देखि ८ सम्म) स्वीकृत गर्ने निर्णय गरियो । साथै पाठ्यक्रम अनुसार शिक्षक सहजीकरण पुस्तिक तयार गरी समयमै विद्यालयहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाउन शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

(३) एक पालिका एक खेलकुद पूर्वाधार कार्यक्रम अन्तर्गत त्रिभुवन त्रिशुली मा.वि.को खेलकुद मैदान निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन अनुसार वजेट विनियोजन गरिदिन संघीय र प्रदेश दुबै सरकारमा आर्थिक प्रस्ताव पठाउने निर्णय गरियो ।

(४) विदुर नगरपालिकाको उद्योग व्यवसाय दर्ता सम्बन्धी कार्यविधि, २०७७ (प्रथम संसोधन समेत) मा देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
०७९।१।२८

Scanned with CamScanner

" कार्यविधिको बुदा ८ को (ङ) को (३) मा रहेको ८ इन्च भन्दा माथिको बेन्च सह प्रयोग गर्न नपाइने भन्नेको सट्टा ३५ इन्च सम्मको प्रयोग गर्न पाइने गरी संसोधन गर्ने"

(५) विदुर नगरपालिका वडा नं. ४ संगमचोक देखि हावाघर सडक कालोपत्रे अन्तर्गत प्राविधिकको मुल्याङ्कन बमोजिम भुक्तानी गर्नुपर्ने बाँकी रकम र सोही सडक अन्तर्गत बाकी रहेको क्रियापुत्री भवन नीरको घुम्तीमा नाली निर्माण र ह्युम पाइप राख्ने कार्यका लागि ठेक्काबाट घटेको रकमबाट खर्च गर्ने गरी थपीमा रु. २० लाख विनियोजन गर्ने निर्णय गरियो ।

(६) स्थानीय तहको निर्वाचन पछि निर्वाचित जनप्रतिनिधीहरुले पद बहाली गरेपश्चात नगरसभा, नगर कार्यपालिका र न्यायीक समितिबाट हालसम्म भएका निर्णयहरु समेटी एकीकृत पुस्तीका प्रकाशन गर्न कार्यालयलाई जिम्मेबारी दिने निर्णय गरियो ।

(७) राष्ट्रिय गौरवको आयोजना अन्तर्गतका आयोजनाका लागि प्रशोधित बालुवा उपलब्ध गराउन उद्योग संचालनको लागि अस्थायी अनुमति प्रदान गरिदिन धुवतारा प्रशोधन कम्पनी प्रा.लि. विदुर ३ नुवाकोटबाट निवेदन दिएको हुनाले कम्पनीको माग बमोजिम २०७९ आषाढ मसान्त सम्मका लागि नियमानुसार शुल्क लिई अस्थायी अनुमति दिने निर्णय गरियो ।

(८) यस विदुर नगरपालिका वडा नं. ७, ८, ९ र १ का करिब १३ हजार जनसंख्यालाई खानेपानीको समस्या भएको र खानेपानीको स्रोत अभावका कारण नगरपालिकाको लगानीले मात्र खानेपानी समस्या समाधान गर्न नसक्ने भएकोले गदिया खोला मुहानबाट विदुर न.पा. ७, ८, ९ र १ मा खानेपानी उपलब्ध गराउन संघीय सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग पानीपोखरी काठमाडौं र संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना भरतपुर चितवनमा माग गरि पठाउने निर्णय गरियो ।

निर्णय प्रमाणित
२०७९।१।२५